धादिङ्ग

जिल्ला खाद्य सुरक्षा बुलेटिन
अंक: ११

रिपोर्टिङ्ग अवधि: श्रावण -कार्तिक (मध्य जुलाई-मध्य नोभेम्बर २०१३)
पुर्वानुमान अवधि: मंसिर-फाल्गुण (मध्य नोभेम्बर-मध्य मार्च २०१४)

खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा

अनुमानित खाद्य असुरक्षित जनसंख्या

खाद्य असुरक्षित गाविसहरु (चरण ३ र चरण ४)	अनुमानित जनसंख्या (चरण ३ र चरण ४)
छैन	सान्दर्भिक छैन
जम्मा असुरक्षित जनसंख्या	
जिल्लाको जम्मा जनसंख्या (२०११ को गणना अनुसार)	

चरण वर्गिकरण सूचकहरु*

सूचकहरु	गाविस समुहहरु					
	A	B	C	D	E	F
क्षेत्रगत प्रभावहरु						
खाद्य उपभोग (खाद्यान्न तथा आहारमा विविधता, खाद्य समूह)	१	२	१	१	३	१
तीव्र बाल कुपोषण (६-२९ महिना), समग्र तीव्र कुपोषण दर (Global Acute Malnutrition- GAM) अनुसार दुब्लो (wasting)	१	१	१	१	१	१
जिविकोपार्जन परिवर्तन (निर्वाहपट्टती)	१	१	१	१	१	१
योगदान पुऱ्याउने तत्वहरु						
उपलब्धता						
उत्पादन: वर्षे बाली पहिलो मुख्य बाली: मकै	१	१	१	१	२	१
दोस्रो मुख्य बाली: धान	NA	१	१	१	NA	१
तेस्रो मुख्य बाली: कोदो	१	१	NA	NA	१	NA
घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था	१	१	१	१	२	१
प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय	१	१	१	१	१	१
खाद्य पहुँच						
चामल, गहुँको पिठो, र अन्य मुख्य खाद्य वस्तुहरुको बजार मूल्य	२	२	२	२	२	२
गाविस भित्र र बरपरका गाविसहरुमा रोजगरीका अवसरहरु	१	१	१	१	१	१
आम्दानी: गैह्र काष्ठ वन पैदाबार, नगदे/उच्च मूल्य बाली, र साना व्यावसाय	१	१	१	१	१	१
आम्दानी: मासु, दुध, अन्डा, माछा, मह	१	१	१	१	१	१
विप्रेषण	१	१	१	१	१	१
खाद्य उपयोग						
रोगव्याधी र माहामारीका घटनाहरु	१	१	१	१	१	१
खाने पानीको आपूर्ति र सरसफाई (खुला दिसा पिसाब मुक्त)	१	१	१	१	१	१
स्थिरता	१	१	१	१	१	१
बाहिरी बसासराई (अभावबाट प्रेरीत)	१	१	१	१	१	१
मानव सुरक्षा (सामाजीक हिंसा, र बन्द/अवरोध)	१	१	१	१	१	१
खतराबाट्य स्थिति तथा जोखिमता						
जलवायुको जोखिमका घटनाहरु: बाढी, पहिरो, सुख्खा, हिमपात, असिनापात, र हुरीबतास	१	१	१	१	१	१
विपद: भूकम्प, आगजनी	१	१	१	१	१	१
समग्र चरण वर्गिकरण	१	१	१	१	१	१
४ महिना अवधिको पूर्वानुमान	►	►	►	►	▼	►

* खाद्य सुरक्षामा सामान्य मेल भएको आधारमा गाविसहरुको समूह बनाइएको छ। हरेक सूचकको वर्गिकरण सन्दर्भ सूचकको परिमाणात्मक माप संग मेल खाएको आधारमा गरिएको छ।

खाद्य सुरक्षा विवरण

हालको खाद्य सुरक्षा अवस्था: श्रावण-कार्तिक २०७० (मध्य जुलाई-मध्य नेभेम्बर २०१३)

श्रावण देखी कार्तिक २०७० को (मध्य जुलाई-मध्य नोभेम्बर २०१३) अनुगमन अवधिमा धादिङ्ग जिल्ला समग्ररुपमा न्यूनतम खाद्य असुरक्षीत अवस्थामा परेको थियो ।

बालि प्रणालीको अवस्था, जिविकोपार्जनका लागि अपनाएका रणनीतिहरु र बजारको पहुँचका आधारमा जिल्ला खाद्य सुरक्षा संजालले धादिङ्ग जिल्लालाई ६ समुह (A, B, C, D, E and F) मा विभाजित गऱ्यो । खाद्य सुरक्षाको विस्तृत विश्लेषण गर्न हेतुले जिल्लाका दक्षिणी भेगका १२ वटा गाविसहरुको बढा स्तरिय समुह (E र F) निर्माण गरि बढास्तरिय विश्लेषण गर्ने कार्य गरीएको थियो । समुह E का क्षेत्रमा अधिकांश घरधुरीहर चेपाड र तामाङहरु लगायत न्यूनतम जग्गा जमिन भएका किसानहरुको बसोबास रहेको छ, उनीहरु विशेष गरी सीमित जग्गामा मकै तथा कोदो बालीको खेतीमा निर्भर गर्दछन, यसका अतिरिक्त उनीहरुले बाँसका सामग्रीहरु बनाउने र मजदुरी गर्ने गर्दछन । समुह F मा भने बाहुन तथा क्षेत्रीहरुको बाहूल्यता छ र उनीहरु धान तथा मकैको उत्पादन गर्दछन र यस उत्पादनले उनिहरुलाई करिब ९ देखी १० महिनाका लागि खान पुग्दछ, भने तरकारी तथा पशुहरुको बेचबिखनवाट समेत उनीहरुले थप आम्दानी गर्यछन ।

समुह E मा पर्ने गाविसहरुका ५० प्रतिशत घरधुरीहरुमा ३ महिना का लागि मात्र पुग्ने खाद्यान्न संचिती छ । किनभने चर्को हावाहुरीका कारणले यो क्षेत्रमा मकै वालीको उत्पादनमा करिब १५ प्रतिशतले ह्रास आएको थियो । घरधुरीहरुले हाल मुख्यतः आफ्नै संचितिवाट मकै र कोदोको उपभोग गरिरहेका छन वा पशुहरुको बेचबिखनवाट भएको आम्दानीवाट अन्न खरिद गरेर जिविकोपार्जन गरिरहेका छन । यर्थाप, घरधुरीहरुको जिविकोपार्जनको अपायहरुमा भने खास परिवर्तन भएको छैन ।

अधिकांश घरधुरीहरुले परामपरागत जिवनयापनका शैलीहरु अपनाएका छन । जस्तो कि उत्तरी भेगका गाविसहरु (समुह A) का घरधुरीहरुले विभिन्न खालका जडीबुटीहरु जस्तै सेतान, निमंसी, चिराइतो र नागवेली बेचबिखन गर्ने; अन्न उत्पादन गर्ने (मकै, कोदो) र पशु तथा पशुजन्य उत्पादन (बाख्रा, भेडा, उन) र बेचबिखन गर्ने गरेका छन भने, दक्षिणी भेगका गाविसहरु पृथ्वि राजमार्गसंग जोडीएका हुनाले त्यहाँका घरधुरीहरुले तरकारी उत्पादन तथा बिक्रि, दुध तथा दुधजन्य पदार्थको बेचबिखन आदिवाट आम्दानी लिइ रहेकाछन् ।

समुह E मा पर्ने गाविसहरु बाहेक, जिल्लाका अधिकांश गाविसहरुमा ४ महिना भन्दा बढी समयसम्मका लागि खाद्यान्नको बचत रहेको अवस्था छ । यसको मुख्य कारणमा वर्षे बाली धान, मकै तथा कोदोको उत्पादन राम्रो रहनु नै हो ।

तरकारीको बेचबिखन, पशु तथा पशुजन्य उत्पादनको बिक्रि र रोजगारीका अवसरहरुवाट समेत राम्रै आम्दानी भएको अवस्था छ । समुह B, C र D का घरधुरीहरुले पशु तथा पशुजन्य उत्पादनको बिक्रि र तरकारीको बिक्रिवाट रु १५ करोड (१५ लाख डलर) र रु ३२ करोड (३२ लाख डलर) कमाएको आंकडा छ । यसैगरी जिल्लाका २२,००० घरधुरीहरुले विप्रेषणवापत रु ८९ करोड (८९ लाख डलर) प्राप्त गरेकाछन् । सबै बजाररु पर्याप्त खाद्य वस्तुको आपुर्तिका साथ सुचारु रुपमा नै संचालनमा रहेका छन । गत बर्षको तुलनामा यसपटक मोटा चामल र गहुँको पिठोको मूल्य १२ देखी १६ प्रतिशतका दरले बढ्ि भएको छ ।

जिल्लामा ज्यालादारी मजदुरीको काम पर्याप्त मात्रामा उपलब्ध भएको अवस्था छ । विशेष गरी, कलकारखाना (डुंगागिट्ट, क्रसर, कंक्रिट, इटा र सिमेन्ट), कुखुरा फार्म, ढुवानी (मुख्य बाटोसम्म तरकारी ढुवानी), र विकासका कामहरुले उल्लेख्य मात्रामा रोजगारीका अवसरहरुको श्रृजना गरेकाछन् । करिब १,८०० घरधुरीहरुले निर्माण र विकासका कामहरुवाट रु ३२ लाख (३२ हजार डलर) कमाएको देखिन्छ ।

जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समिति र जिल्ला विकास समितिका अनुसार जिल्लामा सुरक्षित खानेपानी र शौचालयहरुमा क्रमश ६८ र ४४ प्रतिशत मानिसहरुको पहुँच रहेकोछ । यो अनुगमन अवधिमा विशेष गरी मैदी र जोगीमारा गाविसले खुला दिसा मुक्त क्षेत्र घोषणा गरेका छन । अंहिले सम्ममा ५० गाविस मध्ये ४ वटा गाविसमा मात्र खुला दिसामुक्त गाविस घोषणा भएकोछ ।

खाद्य सुरक्षा पूर्वानुमान: मंसिर-फागुण २०७० (मध्य नोभेम्बर-मध्य मार्च २०१४)

समुह E मा पर्ने दक्षिण भेगका १२ गाविस बाहेक जिल्लाका सबै गाविसहरुमा आगामी अनुगमन अवधिमा खाद्य सुरक्षाको स्थिति यथावत (न्यूनतम खाद्य असुरक्षितको अवस्था) रहने अनुमान छ । यसमा विशेष गरी तल दिएका कारणहरुले मुख्य भूमिका खेल्ने अनुमान छ,,

–घरधुरीहरुले वर्षे बाली धान, मकै तथा कोदोको उत्पादनवाट जम्मा गरेको खाद्य संचिति ।
–तरकारीको बेचबिखनवाट हुने नियमित आम्दानी (हिउँदे आलु, तरकारी), गैरकाष्ठ बनपैदावर र पशुतथा पशुजन्य उत्पादन ।
–पर्याप्त खाद्य वस्तुको संचय सहित सुचारु संचालनमा रहने बजार र मूल्य वृद्धिमा स्थिरता ।

यर्थाप जिल्लाका दक्षिणी भेग स्थित १२ गाविस (समुह E) का केहि क्षेत्रहरुले मौसमी रुपमा खाद्य संकटको अवस्था व्यहोर्नु पर्ने देखिन्छ । ती क्षेत्रहरुमा किरनचोक (वार्ड नं. ४, ५, ६), बैरेनी (वार्ड नं. २, ५, ६), जोगीमारा (वार्ड नं. ४, ७, ८), धुस्मा (वार्ड नं. ४, ८, ९), बेनीघाट (वार्ड नं. ३, ४, ६), महादेवस्थान (वार्ड नं. ४, ३, ६), गजुरी (वार्ड नं. ७, ८, ९), पिढा (वार्ड नं. ६, ७, ८, ९), थाङ्के (वार्ड नं. ६, ७, ९), तासापुं (वार्ड नं. ५, ६, ८, ९) र नौविशे (वार्ड नं. १, ३, ८) पर्दछन् ।
समुह E मा परेका गाविसहरुले घरधुरीमा रहेको खाद्य सञ्चय रिंतिंदै गएको अवस्था सामना गर्नेछन र उनीहरुले अैंचो पैचो गरेर, रुपैया सापटी लिएर र कम मन पर्ने खानाहरु खाएर तथा खानाको मात्रा कम गरेर निर्वाह गर्ने अनुमान छ ।

चरण वर्गिकरण

- पहिलो चरण: न्यूनतम् खाद्य असुरक्षित- जीविकोपार्जनका पर्याप्तहरु (उपाहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैर खाद्य आवश्यकताहरु पुरा गरिरहेको (धानि रहेको) अवस्था । यी घरधुरीहरु आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण विद्यमान खतरा, प्रकोप, संकट, माहामारी र इन्द्र वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरु झेल्न सक्ने अवस्थामा हुन्छन्
- दोस्रो चरण: मध्यमस्तिरीय खाद्य असुरक्षित (वा अभावको अवस्था)- घरधुरीहरुले परम्परागत निर्वाह पर्याप्त अपनाएर न्यूनतम खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्ने अवस्था, तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने यी घरधुरीहरुले पंछि परिपूर्ति गर्न नसकिने खालका निर्वाह पर्याप्तिहरु नअपनाइ उक्त आवश्यकता पुरा गर्न सक्दैनन् ।
- तेस्रो चरण: उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था): घरधुरीहरुमा साविकको तीव्र कुपोषण वा सो भन्दा माथिल्लो स्तरको कुपोषण निम्त्याउने खाद्य उपभोग अभावको अवस्था, जीविकोपार्जनका साधनहरु द्रुततर गतिमा रित्याएर (बेचबिखन गरेर) मात्र न्यूनतम् खाद्य आवश्यकता परिपूर्ति गर्ने अवस्था जसले गर्दा घरधुरीहरुलाई भनौं बढी खाद्य उपभोग अभाव तर्फ धकेल्दै लैजान सक्ने हुन्छ ।
- चौथो चरण: गम्भिर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था):- घरधुरीहरुले जीविकोपार्जनका साधनहरु नगुमाइकन खाद्य तथा गैर खाद्य आवश्यकताहरु परिपूर्ति गर्न नसक्ने अवस्था । यस अवस्थाले अति उच्च स्तरको तीव्र कुपोषणलाई प्रेरित गर्दछ जसले उच्च रुग्णता र मृत्युदर बढाउनुका साथै औसत आयु घटाउदछ । यस अवस्थामा इन्द्रका कारण उच्च स्तरको हिंसा र हिंडडुलमा प्रतिबन्धको सम्भावना हुन्छ । तत्काल कार्यक्रम वा सहयोगको आवश्यकता रहेको अवस्था ।
- पाचौं चरण मानव आपतकालीन (अतिकाल वा भोकमरीको अवस्था):- सो क्षेत्रका प्राय सम्पुर्ण घरधुरिहरुमा खाद्यान्न र अन्य आधारभूत आवश्यकताहरुको चरम अभावको अवस्था जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरुको परिपूर्ति नहुने गरी क्षती भएको र मानव जीवनको क्षती प्रष्ट देखिन्छ । सम्पूर्ण घरधुरीहर खाद्यान र अन्य आधारभूत आवश्यकताहरुको तीव्र अभावको चुर्नीमा हुन्छन्- खतरा, प्रकोप, माहामारी फैलिएको वा पूर्वाधारहरुको विनास र संक्षहर अवरुद्ध भएको अवस्था । तत्काल मानवीय सहयोगको आवश्यकता ।

पूर्वानुमान: ▲ सुधार हुने, ► यथावत रहने, ▼ बिग्रने

विभिन्न खाद्य सुरक्षा संभावना मापन सरुपल संस्थाहरु: सरकारी कार्यविवरण: जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला खानेपानी तथा सरसफाई कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला समाजकी डिभिजनको कार्यालय, नेपाल रेडक्रस सोसाइटि, उद्योग वाणिज्य संघ, गैर सरकारी महाशाखा, विश्व खाद्य कार्यक्रम, अन्य गैरसरकारी संघसंस्थाहरु: SBO, UMN, FECOFUN, FIAN Nepal, Right-to-Food Network, and HIMS (NGO) -- सबै सदस्य संस्थाहरु बैठकमा सहभागि भएका थिए ।

यस जिला खाद्य सुरक्षा बुलेटिन लगायत खाद्य सुरक्षा सम्बन्धि अन्य जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विष्लेषण प्रणाली (NeKSAP) को निम्न गुगल वेभ साइटमा हेर्न सकिनेछ
www.neksap.org.np/

This product is funded by the European Union.
The views expressed in this publication do not necessarily reflect the views of the European Union.